# पत्रकार लेखनवृत्ति कार्यक्रम कार्यान्वियन मार्गदर्शन, २०८२

प्रस्तावनाः कोशी प्रदेशलाई कार्यक्षेत्र बनाई क्रियाशिल पत्रकारहरुलाई लक्षित गर्दै सुशासन अभिवृद्धिका लागि सूचना तथा सञ्चार क्षेत्रको विकास गरी प्रादेशिक विषयका खोजमूलक, अनुसन्धानमूलक समाचार सामग्री उत्पादन, प्रकाशन तथा प्रसारण गर्न, गराउन तथा अनुसन्धानको दायरालाई फराकिलो बनाएर पत्रकारिताको गुणस्तर वृद्धिमा प्रोत्साहन गर्न वाञ्छनीय भएकोले,

कोशी प्रदेश विनियोजन ऐन, २०८२ को दफा ११ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो मार्गदर्शन बनाई लागु गरेको छ।

१. <u>संक्षिप्त नाम र विस्तारः</u> (१) यस मार्गदर्शनको नाम "पत्रकार लेखनवृत्ति कार्यक्रम कार्यान्वयन मार्गदर्शन, २०८२" रहेको छ।

(२) यो मार्गदर्शन मन्त्रालयबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मार्गदर्शनमाः

(क) "पत्रकार" भन्नाले लेखजन्य पाठ्य सामाग्री वा श्रव्यदृष्य सामाग्री संकलन, लेखन, सम्पादन, प्रकाशन गर्ने व्यक्ति सम्झनुपर्छ।

(ख) "प्रकाशन सामग्री" भन्नाले पत्रकार पत्रपत्रिकामा छापिने, टेलिभिजन तथा रेडियोबाट प्रसारण हुने वा अनलाइन सञ्चार माध्यममा प्रकाशन हुने समाचार, लेख, आलेख, लिखित तथा श्रव्यदृष्य सामाग्री सम्झनुपर्छ।

(ग) "प्रदेश सरकार" भन्नाले कोशी प्रदेश सरकार सम्झनुपर्छ।

(घ) "मन्त्रालय" भन्नाले सूचना तथा सञ्चार सम्वन्धि विषय हेर्ने मन्त्रालयलाई सम्झनुपर्छ।

(ङ) "लेखनवृत्ति " भन्नाले दफा १२ बमोजिमका विषयहरुमा प्रकाशन सामाग्री तयार गरी प्रकाशन वा प्रसारण गरेवापत पत्रकारलाई प्रदान गरिने प्रोत्साहन रकम सम्झनुपर्छ।

(च) "समिति" भन्नाले दफा ४ बमोजिमको सिफारिस तथा मूल्याङ्कन समिति सम्झनुपर्छ।

(छ) "सञ्चार माध्यम" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई कोशी प्रदेशमा सञ्चालनमा रहेका टेलिभिजन, एफ.एम. रेडियो, रेडियो, पत्रपत्रिका, अनलाइन सञ्चार माध्यम सम्झनुपर्छ।

(ज) "सम्पादक" भन्नाले दफा ९ बमोजिम छनौट गरिएको सम्पादक मण्डल सम्झनुपर्ने छ ।

३. <u>आवेदन सम्बन्धी व्यवस्थाः</u> (१) मन्त्रालयले पत्रकार लेखनवृत्तिका लागि १५ दिने सूचना प्रकाशन गरी आवेदन माग गर्नेछ ।

(२) उपदफा (१) को सूचना बमोजिम पत्रकारले लेखनवृतिका लागि अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम आवेदन गर्ने व्यक्तिको योग्यता देहाय हुनुपर्नेछ;

(क) नेपाली नागरिक,

(ख) पत्रकारिता क्षेत्रमा कम्तीमा २ वर्षको अनुभव भएको,

मन्त्री

(ग) मुख्य पेशा पत्रकारिता बनाएर सक्रिय रहेको।

४. <u>सिफारिस तथा मूल्याङ्कन समितिः</u> (१) दफा ३ बमोजिम प्राप्त आवेदनहरुको मूल्यांकन गरी छनौट गर्न देहाय बमोजिमको सिफारिस तथा मूल्याङ्कन तथा सिफारिस समिति रहनेछ;

(क) महाशाखा प्रमुख, सञ्चार तथा सूचना प्रविधि महाशाखा, मन्त्रालय - संयोजक

(ख) अध्यक्ष, नेपाल पत्रकार महासंघ, कोशी प्रदेश समिति - सदस्य

(ग) मन्त्रालयले मनोनयन गरेको कोशी प्रदेशका अग्रज पत्रकार २ जना (कम्तीमा १ जना महिला) - सदस्य

(घ) मन्त्रालयले मनोनयन गरेको पत्रकारिता विषय प्राध्यापन गरिरहेको प्राध्यापक/सहप्राध्यापक मध्ये १ जना - सदस्य

(ङ) मुख्यमन्त्रीको प्रेस सल्लाहकार - सदस्य

(च) आर्थिक प्रशासन शाखा, प्रमुख - सदस्य

(छ) शाखा प्रमुख, सञ्चार तथा सूचना प्रविधि महाशाखा, मन्त्रालय - सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (ग) र (घ) बमोजिम मनोनयन सदस्य सम्बन्धमा पत्रकारको हकमा कम्तिमा १० वर्ष सम्वन्धित काम गरेको र प्राध्यापक सम्बन्धमा कम्तिमा १० वर्ष प्राध्यापन गरेको वा सम्वन्धित सेवामा काम गरेको हुनु पर्नेछ ।

(३) समितिले प्रचलित कानून अनुसार बैठक भत्ता प्राप्त गर्नेछन् ।

(४) बैठक आवश्यकता अनुसार बस्नेछ ।

५. <u>समितिको काम कर्तव्य र अधिकारः</u> समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ;

(क) प्राप्त आवेदनहरु दफा ६ बमोजिमका आधारमा मूल्यांकन गर्ने।

(ख) आवेदनहरुको प्राथमिकीकरण गरी छनौट भएकाहरुको सूची मन्त्रालय समक्ष सिफारिस गर्ने।

(ग) छनौटमा परेका पत्रकारहरुलाई सम्पादकसँग समन्वय गराउने ।

(घ) दफा ९ बमोजिम सम्पादक मण्डल नियुक्त गर्ने ।

(ङ) सम्पादक मण्डलले पेस गरेबमोजिम लेखनवृत्तिका लागि मन्त्रालयसमक्ष सिफारिस गर्ने।

६. <u>छनौटको आधार र मापदण्डः</u> दफा ४ बमोजिमको समितिले पत्रकार लेखनबृत्तिका लागि प्राप्त आवेदनहरुको मूल्यांकन अनुसुची-२ बमोजिम गर्नु पर्नेछ ।

७. <u>आवेदकको छनौटः</u> (१) प्राप्त आवेदनहरू मध्ये समितिले विषय समेटिने गरी बढीमा ५० जना आवेदक छनौट गर्नेछ।

(२) उपदफा (१) बमोजिमको आवेदक छनौट गर्दा समितिले भौगोलिकता, लैंगिकता, अपाङ्गता लगायत समावेशिताको सिद्धान्तलाई आधार मान्नु पर्नेछ ।

(३) हालसम्म यस मन्त्रालयबाट अघिल्लो आर्थिक वर्षहरुमा लेखनवृत्तिमा अवसर नपाएकाहरुलाई पहिलो प्राथमिकता दिइनेछ ।

मन्त्री

८. <u>प्रकाशन सामाग्रीको तयारी</u> (१) लेखनवृत्तिमा छनौट भएका पत्रकारको अन्तिम नामावली प्रकाशन भएको १५ दिनभित्र पत्रकारले प्रकाशन वा प्रसारण गराउन चाहेको देहाय वमोजिम प्रकाशन सामाग्रीको खेस्रा सामाग्री दफा ९ को सम्पादक मण्डल समक्ष पेश गर्नुपर्नेछ।

(क) लिखित सामाग्री कम्तीमा १५०० (पन्ध्र सय) शब्दसम्मको, कम्तीमा २ वटा फोटो समावेश भएको हुनुपर्नेछ ।

(ख) श्रव्यदृष्य प्रकाशन सामाग्रीको हकमा कम्तीमा २ वटा वाइट समावेश भएको,

९. <u>सम्पादक मण्डल सम्बन्धमा:</u> (१) यस मार्गदर्शन वमोजिमको प्रकाशन सामाग्रीलाई सुपरिवेक्षण गर्न समितिले कार्यक्रम सञ्चालन अवधिभरका लागि वढीमा १० जना सम्पादक मण्डल छनौट गर्नेछ।

(२) मन्त्रालयले व्यक्तिहरुबाट १५ दिनको सूचना मार्फत निवेदन आह्वान गर्नेछ ।

(३) सम्पादकको न्युनतम योग्यता देहाय वमोजिम हुनेछ;

(क) पत्रकारिता क्षेत्रमा कम्तीमा १० वर्ष काम गरेको अनुभव भएको

(ख) कुनै पनि सञ्चार माध्यममा सम्पादक भई २ वर्ष कार्य अनुभव भएको

(ग) कम्तीमा स्नातक तह उत्तिर्ण भएको ।

(४) विगतका आर्थिक वर्षमा सम्पादक मण्डलमा छनौट नभएकालाई पहिलो प्राथमिकता दिइने छ ।

१०. <u>सम्पादक मण्डलको काम, कर्तव्य र अधिकार</u> (१) सम्पादक मण्डलको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ;

क) आवेदकसँग आवश्यक समन्वय गर्ने, सञ्चार गर्ने, पृष्ठपोषण दिने।

ख) आवेदकलाई निजको आवेदन र प्रस्तावको आधारमा विषयवस्तु प्रदान गर्ने, विषयवस्तुको लेखन शैली (आउटलाईन) प्रदान गर्ने।

ग) आवेदकले उपलब्ध गराएको खेस्रा सामग्री अध्ययनपछि आवश्यक थपघट गर्न सुझाव दिने तथा प्रस्ताव गरे अनुसार सामाग्री संकलन एवं तयार गरे नगरेको यकिन गर्ने।

घ) मापदण्ड पुगेका एवम् कार्यक्रमको लक्ष्य तथा उद्देश्य अनुरुप भएको प्रकाशन (लेखन/श्रव्यदृष्य) सामग्री सम्पादन गरि प्रकाशनको लागि अनुमति दिने।

ङ) प्रकाशन सामाग्रीमा प्रयुक्त तथ्य, तथ्यांक, सरोकारवालाको भनाई, प्रतिक्रिया तथा उल्लेख भएका श्रोतको सामान्य परीक्षण एवम् सोको रुजु गर्ने।

च) प्रस्ताव तथा योजना मूताविक लेख रचना वा श्रव्यदृष्य सामाग्री उत्पादन प्रकाशन प्रसारण भए पश्चात लेखनवृत्ति भुक्तानीका लागि दफा ४ को समितिसमक्ष सिफारिस गर्ने।

(२) दफा १० वमोजिमको सम्पादकलाई एक प्रकाशन सामाग्री संयोजन तथा सम्पादन गरे वापत अधिकतम रु५०००/-(पाँच हजार रुपैयाँ मात्र) भुक्तानी गरिनेछ। श्रव्यदृष्य सामाग्रीको सम्पादन सम्वन्धित सञ्चार माध्यम स्वयंले गर्ने र सो सामाग्री यस मार्गदर्शन अनुरुप भए नभएको एकिन मन्त्रालयले गर्नेछ।

मन्त्री



CamScanner

(४) उपदफा (४) बमोजिमको भुक्तानी लिंदा सम्पादकले निवेदनका साथमा आफूले गरेको संयोजन तथा सम्पादन कार्यको प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ।

११. <u>लेखनवृत्ति रकम प्रदान गरिने:</u> (१)लेखनवृत्तिका लागि छनौट भई सम्पादक मण्डलले सिफारिस गरेका पत्रकारलाई अधिकतम रु. २००००/-(बीस हजार रुपैयाँ मात्र) मन्त्रालयले भुक्तानी गर्नेछ।

(२) उपदफा (१) बमोजिम लेखनवृत्ति वापतको रकम प्राप्त गर्नका लागि पत्रकारले अनुसुची-३ बमोजिमको सम्पादकको सिफारिस सहित प्रकाशन प्रसारण भएको सामाग्रीको प्रिन्ट प्रति वा श्रव्यदृश्य सामाग्रीको फायल अनिवार्य रुपमा भुक्तानीका लागि मन्त्रालय समक्ष पेश गर्नुपर्नेछ।

१२. <u>सामाग्री निर्माणका विषयहरु:</u> (१) लेखनवृत्ति प्राप्त गर्ने प्रयोजनका लागि देहायका विषयहरुमा प्रकाशन सामाग्री तयार गर्नु पर्नेछः-

१. शिक्षा र स्वास्थ्य
२. कृषि र खाद्य सुरक्षा,
३. जलवायु परिवर्तन, पर्यावरण, फोहोरमैला व्यवस्थापन र प्राकृतिक स्रोतहरु,
४. यातायात, पूर्वाधार विकास, तथा शहरी विकास,
५. सामाजिक सुरक्षा र रोजगारी,
६. पर्यटन प्रवर्द्धन
७. वित्त, वजार र अर्थतन्त्र
८. न्याय तथा कानुन,
९. डिजिटल विकास,
१०. उर्जा तथा खानी,
११. शासन व्यवस्था,
१२. सार्वजनिक क्षेत्र व्यवस्थापन,
१३. गरिवी निवारण,
१४. लैङ्गिक समानता, समावेशी विकास र समावेशिकरण
१५. विपद जोखिम व्यवस्थापन,
१६. द्वन्द व्यवस्थापन
१७. आप्रवासन र रेमिटयान्स,
१८. जनसंख्या तथा वसाईसराई
१९. बालबालिका तथा जेष्ठनागरिकसँग सम्बन्धित विषय
२०.सार्वजनिक सरोकारका अन्य विषयवस्तु ।

(२) उपदफा (१) मा उल्लेख गरिएका विषयमा प्रकाशन सामाग्रीमा सम्वन्धित क्षेत्रमा परेको प्रभाव, सरकारद्वारा त्यसमा गरिएको लगानी र त्यसको प्रतिफल, लाभान्वित पक्ष, चुनौती, समस्या, देशको अर्थतन्त्रमा पारेको असर आदि क्षेत्रलाई समेत समेटेर प्रकाशन सामाग्री तयार भएको हुनुपर्नेछ।

मन्त्री

१३. <u>लेखनवृत्ति रकमका लागि बजेट व्यवस्था:</u> माथिका यस कार्यक्रमको लागि आवश्यक पर्ने बजेट मन्त्रालयले "पत्रकार लेखनवृत्ति कार्यक्रम" शिर्षकमा भएको खर्च शिर्षकबाट खर्च लेखिनेछ।

१४. <u>बाधा अड्काउ:</u> यस मार्गदर्शनको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा आवश्यकता अनुसार मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ। यसरी बाधा अड्काउ फुकाउने आदेश जारी भएमा त्यस्तो सूचना मन्त्रालयको वेभसाइडमा राखुपर्नेछ।

१५. <u>प्रचलित कानून बमोजिम हुने:</u> यस मार्गदर्शनमा उल्लेख भएदेखि वाहेकका अन्य विषयमा प्रचलित कानून वमोजिम हुनेछ।

१६. <u>मार्गदर्शन संशोधन तथा परिमार्जन:</u> यस मार्गदर्शनमा उल्लेख भएका विषयहरुमा मन्त्रालयले आवश्यकता अनुसार संशोधन तथा परिमार्जन गर्न सक्नेछ।

कोशी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
विराटनगर, नेपाल

अनुसूची – १

(दफा ३ को उपदफा (२)संग सम्वन्धित)

**लेखनवृत्ति कार्यक्रमका लागि आवेदन फारम**

मितिः

श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय,
विराटनगर, कोशी प्रदेश।

**विषयः लेखनवृत्ति कार्यक्रममा सहभागिता सम्वन्धमा।**

प्रस्तुत विषयमा आन्तरिक मामिला तथा कानून मन्त्रालय विराटनगरले मिति ............... मा प्रकाशन गरेको लेखनवृत्ति सम्वन्धी सूचना अनुसार यस वर्षको पत्रकार लेखनवृत्ति कार्यक्रममा सहभागी भई अन्वेषणात्मक / खोजमूलक समाचार लेख तयार गरी प्रकाशन/प्रशारण गर्न ईच्छुक भई आवश्यक विवरण सहित यो निवेदन गर्दछु। उक्त सामाग्री सन्देशमूलक एवं शिक्षामूलक बनाउन म प्रतिवद्ध रहने व्यहोरा समेत निवेदन गर्दछु।

...........................
हस्ताक्षर

१. वैयक्तिक विवरणः

नाम थर :

लिङ्ग :

स्थायी ठेगाना :

मोबाइल नं. :

इमेल :

पद :

कार्यरत संस्था र कार्यरत ठेगाना :

सामाग्री प्रकाशन गर्ने सञ्चार संस्था :

खोजमुलक समाचारको लागि रोजेको दफा (१०) अनुसारको विषय क्षेत्रः

आफूले खोज अनुसन्धान गर्न चाहेको विषय वा क्षेत्रले समट्ने जिल्ला, स्थानीय तहको विवरणः

..............................................................................................



CamScanner

२. खोज मुलक समाचारको विषयवस्तु

(क) खोजमुलक समाचारको शीर्षक

.................................................................................................................

(ख) समस्याको कथन

.................................................................................................................

(ग) विषयसँग सम्वन्धित अनुसन्धान विधी

.................................................................................................................

३. लेखनवृत्ति प्राप्तिका लागि समाचार/लेखजन्य सामाग्रीको सम्भाव्य श्रोत (कार्यालय, संघ/संस्था सरकारी गैर सरकारीको नाम)

(क) ......................................

(ख) ......................................

(ग) ......................................

४. सामाग्रीको विषयवस्तु चयन गर्नुको औचित्य (समाचारले ल्याउन सक्ने सकारात्मक प्रभाव उल्लेख गर्ने)

(क) ......................................

(ख) ......................................

(ग) ......................................

५.　सामाग्री तयार पार्न गरिने तथ्य तथ्यांक संकलन विधि

| |
|---|
| १. स्थलगत भ्रमण/अन्तर्वार्ता<br>.............................................................................................................<br><br>२. सम्वन्धित संस्थाका प्रकाशित सामाग्री<br>............................................................................................................. |

६.　विगत एकवर्ष भित्र समाचार प्रकाशन गरेको भए सोको विवरण

| | सञ्चार माध्यम | प्रकाशित मिति | सञ्चार माध्यमको नाम |
|---|---|---|---|
| १. | ......................... | ......................... | ......................... |
| २. | ......................... | ......................... | ......................... |
| ३. | ......................... | ......................... | ......................... |
| ४. | ......................... | ......................... | ......................... |
| ५. | ......................... | ......................... | ......................... |

७.　संलग्न गर्नुपर्ने कागजातहरुः

(क) नागरिकताको प्रतिलिपि।

(ख) पत्रकारिता क्षेत्रमा सक्रिय भएको अनुभवको अवधि खुल्ने नेपाल पत्रकार महासंघ प्रदेश वा जिल्ला शाखाको सिफारिस वा सरकारी सञ्चार माध्यम नेपाल टेलिभिजन रेडियो नेपाल गोरखापत्र संस्थान वा राष्ट्रिय समाचार समिति लगायतको सिफारिस पत्र।

(ग) बुँदा ६ मा समाचार प्रकाशन भएको विवरण पेश गर्नेको हकमा समाचारको कटिंग।

द्रष्टव्यः प्रस्तुत गरिने सामाग्री स्वयंको मौलिक सिर्जना हुनुपर्नेछ। अन्य स्रोतवाट नक्कल (साहित्यिक चोरी) गरिएको वा कृत्रिम बुद्धिमत्ता (AI) प्रयोग गरी तयार गरिएको भेटिएमा त्यस्ता सामाग्रीहरू छनोट प्रक्रियाबाट स्वतः हटाइनेछ ।



CamScanner

(घ) अनुसुची-२

कोशी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
विराटनगर, नेपाल

(दफा ६ सँग सम्बन्धित)

| क्र.सं. | मूल्यांकनका आधार | पूर्णांक |
|---|---|---|
| १ | समाचारको शिर्षक र विषयबस्तु<br>(समाचारको शिर्षक, समस्याको कथन, अनुसन्धान विधीबाट खुलेको विषयवस्तुको गम्भीरता, मौलिकता, व्यवहारिकताका आधारमा अधिकतम दश दश अंक ) | ३० अंक |
| २ | श्रोत सामाग्री<br>(सम्भाव्य श्रोत सामाग्रीको सहि पहिचान गरेबापत) | १० अंक |
| ३ | लेखनको औचित्य<br>लेखन तथा प्रसारण सामाग्री प्रकाशन तथा प्रसारण पश्चात सम्बन्धित क्षेत्रमा पर्ने सकारात्मक प्रभावको पुष्टयाई उल्लेख गरेवापत | १० अंक |
| ४ | तथ्य तथ्यांक संकलनको विधि<br>लेखनको औचित्य, प्राथमिक श्रोतबाट गहन अन्तर्वार्ता वा अवलोकन वा स्थलगत अध्ययन विधि जस्ता गहन विधि अपनाउने योजना वनाइएको भए १० अंक द्वितीय श्रोतवाट मात्र अध्ययन गरिने योजना वनाइएको बढीमा ५ अंक | १० अंक |
| ५ | प्रकाशन तथा प्रसारण सक्रियता<br>पत्रकारिता क्षेत्रमा विगत एक वर्षको अविधमा ५ वटा वा सो भन्दा वढी पटक प्रकाशन प्रसारण गरेको भए २० अंक तथा कम्तीमा एक पटक प्रकाशन गरेको भए १० अंक, एक पटक पनि प्रकाशन प्रसारण नभएको भए शून्य अंक | २० अंक |
| ६ | लेखनशैली<br>निवेदनमा उल्लेख गरिएको विषयवस्तुको संयोजन तथा लेखन भाषा शैली वापत | १० अंक |
| ७ | ताप्लेजुंग, संखुवासभा, सोलुखुम्वु, तेह्रथुम, पाँचथर, इलाम, भोजपुर, खोटांग, ओखलढुंगा, धनकुटा जिल्लामा कार्यरत तथा उदयपुर जिल्लाको सुनकोशी नदी सँग सिमाना जोडीएका विभिन्न नगरपालिकाका वडाहरु र उदयपुर जिल्लाका सबै गाउँपालिकाहरमा कार्यरत पत्रकारलाई दुर्गमता विशेष १० अंक प्रदान गरिनेछ। अन्यको क्षेत्रका हकमा यस वापतको अंक दिइने छैन। | १० अंक |



CamScanner

## अनुसूची-३

(दफा ९ को उपदफा (२) संग सम्वन्धित)

**सिफारिस पत्रको ढाँचा**

मितिः

श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय,
विराटनगर, कोशी प्रदेश।

**विषयः सिफारिस सम्बन्धमा।**

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेशले प्रदान गरेको पत्रकार लेखनवृत्ति कार्यक्रम अन्तर्गत तपसिल विवरण भएको व्यक्तिले मेरो निरीक्षण तथा सुपरिवेक्षणमा आफ्नो कार्य सम्पन्न गरेको हुँदा निजलाई लेखनवृत्ति वापतको रकम भुक्तानीका लागि सिफारिस गर्दछु।

लेखनवृत्ति प्रासकर्ताको विवरणः

नाम थर :

स्थायी ठेगना : लिङ्ग :

इमेल : मोवाइल नं. :

सामाग्रीको शिर्षकः

सामाग्री प्रकाशन भएको सञ्चार संस्था र मिति :

**सिफारिसकर्ता (सम्पादक)**

दस्तखतः

नामः

मिति